नेपाल सरकार

# राष्ट्रिय भूमि आयोग
# जिल्ला समिति झापा

प.सं. :-२०७८।७९ मिति :- २०७९।०२।१३

च.नं. :- ६३

**बिषयः**-विवरण सार्वजनिक गर्ने ७ दिने सूचना टाँस गरी पेश हुन आउने प्रमाण तथा निवेदन संकलन सम्बन्धमा।

श्री स्थानीय तहहरु,
हल्दिबारी गाउँपालिका, मेचीनगर नगरपालिका, दमक नगरपालिका, बाह्रदशी गाउँपालिका, कमल गाउँपालिका ,
बुद्धशान्ति गाउँपालिका।

प्रस्तुत बिषयमा राष्ट्रिय भूमि आयोग जिल्ला समिति झापाको मिति २०७९।०२।१२ गते को बैठकको निर्णयानुसार भूमि सम्बन्धी समस्या समाधान आयोग समक्ष प्रस्तुत हुन आएका विगतका आयोग समिति र कार्यदलका बाँकी काम सम्पन्न गर्ने कार्यविधि २०७८ को दफा ४ को उपदफा (३) बमोजिम को ७(सात) दिने सूचना जारी गरी विवरण सार्वजनिक गर्ने निर्णय भएकाले तहाँ पालिकाबाट प्रस्तुत भएका निवेदनहरूको विवरण सार्वजनिक गर्न पठाइएको छ। अतः उक्त विवरण पालिका वडा तथा टोलहरूमा समेत टाँस गरी ७ दिन भित्र पर्न आउने दावी बिरोध निवेदनसमेत संकलन गरी यस कार्यालयमा पठाई सहयोग गरिदिन हुन आदेशानुसार अनुरोध छ।

दुर्गा दास महर्जन
सदस्य सचिव

दुर्गा दास महर्जन
सदस्य-सचिव

"व्यावसायिक र सिर्जनशील प्रशासन : विकास, समृद्धि र सुशासन"

नेपाल सरकार

# राष्ट्रिय भूमि आयोग
# जिल्ला समिति झापा

प.सं. :-२०७८।७९ मिति :- २०७९।०२।१३

च.नं. :- ६२

बिषय:- ७ (सात) दिनेसूचना प्रकाशन गरिएको सम्बन्धमा।

प्रस्तुत बिषयमा राष्ट्रिय भूमि आयोग गठन आदेश २०७८ को दफा २० को उपदफा १ बमोजिम बाँकी काम सम्पन्न गर्ने र दफा २८ को उपदफा ३ बमोजिमका समितिबाट सम्पादन हुन बाँकी काम सम्पन्न गर्ने सम्बन्धमा विगतका जिल्ला समितिमा निवेदन दिइसकेका हकमा आवश्यक थप वा पूरक प्रमाणहरु पेश गर्नुपर्ने भएमा एक हप्ताको म्याद दिई सूचना प्रकाशित गर्न दफा २६ को उपदफा ४ अनुसार यस जिल्ला समितिको मिति २०७९।०२।१२ को निर्णय बमोजिम सरोकारवालाहरुलाई आफ्ना थप वा पूरक प्रमाणहरु भए मिति २०७९।०२।१६ देखि ७ (सात) दिन भित्रमा जिल्ला समन्वय समितिको कार्यालय झापामा रहेको राष्ट्रिय भूमि आयोग जिल्ला समिति झापाको सचिवालयमा पेश गर्न हुन यो सात दिने सूचना प्रकाशन गरिएको व्यहोरा अनुरोध छ।

दुर्गा दास महर्जन

सदस्य सचिव

दुर्गा दास महर्जन

सदस्य-सचिव